श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं.१९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### विकेन्द्रीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीले परिकल्पना गरेको शोषणरहित समाजको श्रृजना गरी जनकल्याणको अभिवृद्धि गर्नको निमित्त साधनको विनियोजन र विकास फलको सन्तुलित वितरणमा व्यापक जनसहभागिता जुटाउन,

मुलुकको भू-बनौट र आर्थिक, साँस्कृतिक विविधता अनुसार मुलुकको विकासको प्रयासमा आ-आफ्नो प्रतिभा, संभावना तथा आवश्यकताहरू पृथक पृथक हुने हुनाले यसबाट अधिकतम फाइदा हासिल गर्न आ-आफ्नो क्षेत्र र ठाउँ अनुसार स्थानीय स्तरमै योजनाहरुको तर्जुमा र सञ्चालनको प्रभावकारी परिपाटि बसाल्न र उक्त काम गर्न गराउन सक्ने दक्षता स्थानीय स्तरमा नै अभिवृद्धि गर्न,

निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको तल्लो तहदेखि नै प्रजातान्त्रिक अभ्यास र आ-आफ्नो क्षेत्रका जनताको सर्वाङ्गीण विकासका लागि सोच्ने र जिम्मेवारी र जवाफदेही बहन गर्न सक्ने रूपले स्थानीय पञ्चायतहरूको संस्थागत विकास गर्न, र

जनताको दैनिक आवश्यकताका कुराहरू र जनजीवनलाई असर पार्ने कुराहरूको निर्णय र व्यवस्था स्वयं जनताले नै गर्न पाउने व्यवस्थाको लागि अधिकारको विकेन्द्रीकरण गर्न वाञ्छनीय भएकोले,

662

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "विकेन्द्रीकरण ऐन, २०३९" रहेको छ ।

(२) यो ऐनको दफा १ तुरुन्त र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "स्थानीय पञ्चायत" भन्नाले गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायत सम्झनुपर्छ ।

(ख) "जिल्ला विकास योजना" भन्नाले दफा ६ बमोजिमको विकास योजना सम्झनुपर्छ ।

(ग) "पदाधिकारी" भन्नाले जिल्ला पञ्चायतका सभापति, उपसभापति र सदस्यहरू, नगर तथा गाउँ पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यहरू, जिल्ला पञ्चायतको सामान्य निर्देशनमा रही काम गर्ने विकाससम्बन्धी जिल्लास्तरीय सरकारी कार्यालयका कर्मचारीहरू र स्थानीय पञ्चायतका कर्मचारीहरू सम्झनुपर्छ ।

(घ) "राष्ट्रिय पञ्चायतको सदस्य" भन्नाले राष्ट्रिय पञ्चायतको निर्वाचित वा मनोनीत सदस्य सम्झनुपर्छ र सो शब्दले सम्बन्धित जिल्लाको राष्ट्रिय पञ्चायतको सदस्य प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, वा सहायक मन्त्री वा राष्ट्रिय पञ्चायतको अध्यक्ष वा उपाध्यक्षको पदमा बहाल रहेको भए निजलाई समेत जनाउनेछ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२
## उत्तरदायित्व र अधिकारको विकेन्द्रीकरण

३. स्थानीय पञ्चायतको उत्तरदायित्व र अधिकार : (१) जिल्लाको विकासको लागि र जिल्लावासीको सामान्य हित र कल्याणको लागि जिल्लामा गरिने सम्पूर्ण जिल्लास्तरीय विकास कार्यहरूको सञ्चालन गर्ने उत्तरदायित्व यस ऐनबमोजिम स्थानीय पञ्चायतको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस ऐनबमोजिम जिल्ला विकास योजना अन्तर्गत सञ्चालन हुनु पर्ने र गरिने स्थानीय स्तरका सबै प्रकारका विकास योजना एवं निर्माण कार्यहरूका निमित्त आयोजनाको तर्जुमा, साधनहरूको सङ्कलन र विनियोजन, योजनाको रेखदेख, सञ्चालन र मूल्याङ्कन गर्ने अधिकार स्थानीय पञ्चायतलाई हुनेछ ।

४. स्थानीय पञ्चायतको काम, कर्तव्य र अधिकार : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको प्रयोजनको लागि जिल्ला पञ्चायत, जिल्ला सभा, नगर पञ्चायत, नगर सभा, गाउँ पञ्चायत, गाउँ सभा, नगर र गाउँ पञ्चायतको वडा समिति र स्थानीय पञ्चायतका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

५. जिल्लास्तरीय कार्यालय शाखा कार्यालयको रूपमा रहने : अनुसूची १ मा उल्लेख भएका श्री ५ को सरकारको विकाससम्बन्धी जिल्लास्तरीय कार्यालयहरू जिल्ला पञ्चायत सचिवालयको शाखा कार्यालयको रूपमा रहनेछन् ।

तर विकास आयोजनाहरूको तर्जुमा र सञ्चालनसम्बन्धी विषयमा बाहेक सो कार्यालय वा कार्यालय प्रमुखले प्रयोग गर्न पाउने गरी प्रचलित कानूनबमोजिम प्राप्त भएको अधिकारमा अन्य कुनै कार्यालय वा पदाधिकारीको नियन्त्रण रहने-छैन ।

## परिच्छेद–३
## स्थानीय पञ्चायतको विकास योजना

६. जिल्ला विकास योजना : श्री ५ को सरकारले केन्द्रीय वा क्षेत्रीय स्तरमा आवश्यकता अनुसार गर्ने योजना श्री ५ को सरकारले सञ्चालन गर्नेछ । सोबाहेक श्री ५ को सरकारको विकाससम्बन्धी जिल्लास्तरीय कार्यालयहरूले जिल्ला पञ्चायतमार्फत श्री ५ को सरकारको साधन प्राप्त गरी स्थानीय स्तरमा सञ्चालन गर्ने आयोजना र स्थानीय पञ्चायतको आफ्नो स्रोत वा श्री ५ को सरकारको साधन तथा अनुदान प्राप्त गरी स्थानीय स्तरमा सञ्चालन गर्ने गरिने सबै प्रकारको आयोजना एवं निर्माण कार्यहरूको समष्टि रूप नै जिल्ला विकास योजना हुनेछ ।

७. आवधिक योजना तयार गर्ने : प्रत्येक जिल्ला पञ्चायतले आफ्नो जिल्लाको विकासका लागि एक आवधिक योजना तयार गर्नु पर्नेछ ।

८. जिल्ला विकास योजनाको तर्जुमा : (१) दफा ७ बमोजिम तयार गरिएको आवधिक योजनाको आधारमा प्रत्येक वर्ष जिल्ला पञ्चायतले तोकिएको समय-भित्र आगामी आर्थिक वर्षको जिल्ला विकास योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला विकास योजना तर्जुमा गर्दा देहायका स्रोत र साधन एकीकृत गरी समष्टि रूपमा जिल्ला विकास योजना तर्जुमा गर्नु पर्नेछः–

४८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) जिल्ला पञ्चायतको आफ्नै श्रम, स्रोत र साधन,

(ख) जिल्ला पञ्चायतले श्री ५ को सरकार वा अन्य संस्थाबाट प्राप्त गर्ने अनुदान,

(ग) श्री ५ को सरकारले जिल्लास्तरीय विकास योजनाको लागि सम्बन्धित जिल्लामा विभिन्न क्षेत्र (सेक्टर) मा गर्ने खर्च र लगानी ।

(३) उपदफा (२) बमोजिम जिल्ला विकास योजना तर्जुमा गर्दा श्री ५ को सरकारले विभिन्न क्षेत्र (सेक्टर) को योजना तर्जुमा गर्दा अपनाउनु पर्ने भनी तोकिदिएको नीति र मार्गदर्शनको परिधिभित्र रही गाउँ तथा नगर पञ्चायतबाट प्राप्त भएको आयोजनाहरूलाई नै मूल आधार मान्नु पर्नेछ ।

(४) प्रत्येक जिल्लामा जिल्ला विकास योजनाको तर्जुमा गर्न गराउन सम्बन्धित सबै पक्षबाट सहयोग पुऱ्याउन लगाउने जिम्मेवारी राष्ट्रिय योजना आयोगको हुनेछ ।

(५) उपदफा (३) बमोजिम श्री ५ को सरकारले दिनुपर्ने नीति र मार्गदर्शन र उपदफा (२) को खण्ड (ग) बमोजिम श्री ५ को सरकारले गर्ने खर्च र लगानीको विवरण आगामी आर्थिक वर्षको लागि चालू आर्थिक वर्षको तोकिएको समयभित्र श्री ५ को सरकारको सम्बन्धित निकायले जिल्ला पञ्चायतलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) जिल्ला विकास योजनाको विपरीत हुने गरी वा जिल्ला विकास योजना तयार नै नगराई कुनै पनि निकायले कुनै जिल्लामा जिल्लास्तरीय विकास कार्यका लागि बनाएको योजना कार्यक्रम र त्यसमा गर्ने खर्च राष्ट्रिय योजना आयोगले स्वीकृत गर्नेछैन ।

तर,

(क) जिल्ला विकास योजनाको तर्जुमा स्थानीय पञ्चायतहरूबाट समयमा तयार हुन नसकेको भन्ने राष्ट्रिय योजना आयोगलाई लागेमा सो वर्षको लागि सम्बन्धित निकायबाट प्रस्तुत भएको जिल्ला विकास योजना र त्यसमा गर्ने खर्च राष्ट्रिय योजना आयोगबाट स्वीकृत गर्न सकिनेछ ।

(ख) कुनै जिल्ला पञ्चायतबाट पेश भएको जिल्ला विकास योजना जिल्ला विकासको समष्टि दृष्टिकोणले अपर्याप्त भएमा राष्ट्रिय योजना आयोगले थप आयोजनाको स्वीकृत दिन सक्नेछ ।

९. <u>जिल्ला विकास योजना तर्जुमा गर्दा अपनाउनु पर्ने प्राथमिकता</u> : जिल्ला विकास योजना तर्जुमा गर्दा सामान्यतः देहायका प्राथमिकताको आधारमा तर्जुमा गर्नु पर्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सर्वसाधारण जनतालाई प्रत्यक्ष फाइदा हुने र न्यूनतम आवश्यकता पूरा गर्ने आयोजनाहरू,

(ख) कृषि उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने आयोजनाहरू,

(ग) स्थानीय साधन र सीपबाट सञ्चालन हुन सक्ने आयोजनाहरू,

(घ) उत्पादकत्व तथा रोजगारी वृद्धि गर्न मद्दत पुऱ्याउने आयोजनाहरू,

(ङ) राष्ट्रियस्तरका योजनामा प्राथमिकता पाएका आयोजनाहरू, र

(च) भौगोलिक वातावरणलाई संरक्षण गर्ने आयोजनाहरू ।

१०. योजना तर्जुमा समिति : जिल्ला विकास योजनाको तर्जुमा गर्न जिल्ला पञ्चायतले अनुसूची- २ मा उल्लेख भएबमोजिम समितिहरू गठन गर्नु पर्नेछ र सो समितिहरूको काम, कर्तव्य तथा कार्यविधि तोकिएबमोजिम हुनेछ ।

११. आयोजनाको अन्तिम मसौदा तर्जुमा गर्ने : (१) दफा १० बमोजिम गठन भएका समितिहरूले आ-आफ्नो विषय सम्बन्धित योजना कार्यक्रम तर्जुमा गरिसकेपछि ती योजना कार्यक्रमहरू एक समितिको कार्यक्रम अर्को समितिको कार्यक्रमसंग मिलान गराई योजना कार्यक्रमहरूको पुनरावलोकन गरी सन्तुलित ढङ्गले एकीकृत जिल्ला विकास योजना तयार पार्न स्थानीय विकास अधिकारीले सबै समितिहरूको संयुक्त बैठक बोलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बोलाइएको बैठकको सभापतित्व सम्बन्धित जिल्लाका राष्ट्रिय पञ्चायतको सदस्यले गर्नेछ । एक भन्दा बढी राष्ट्रिय पञ्चायतका सदस्यहरू भएको जिल्लामा वर्णानुक्रमले एक एक वर्षको पालो गरी अध्यक्षता गर्नु पर्नेछ । अध्यक्षता नगर्ने राष्ट्रिय पञ्चायतका सदस्यहरू समितिहरूको संयुक्त बैठकमा सदस्यको रूपमा रहनेछन् । त्यस्तो बैठकको अध्यक्षता गर्नु पर्ने राष्ट्रिय पञ्चायतको सदस्य अनुपस्थित भएमा अर्को राष्ट्रिय पञ्चायतको सदस्यले वर्णानुक्रम अनुसार समितिहरूको संयुक्त बैठकको अध्यक्षता गर्नेछ ।

तर राष्ट्रिय पञ्चायतको अधिवेशन परी वा अरू कुनै कारण परी राष्ट्रिय पञ्चायतका कुनै पनि सदस्यले समितिको संयुक्त बैठकमा उपस्थित हुन नसकेको अवस्थामा सम्बन्धित जिल्ला पञ्चायतको सभापतिले संयुक्त समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको संयुक्त बैठकबाट योजना कार्यक्रमलाई अन्तिम रूप दिई निर्णय भएपछि उक्त योजनासम्बन्धी मसौदा जिल्ला पञ्चायतमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जिल्ला पञ्चायतको बैठकमा पेश भएका योजना सम्बन्धी मसौदाउपर आवश्यक छलफल गरी आयोजनाको प्राथमिकता क्रम समेत निर्धारण गरी अन्तिम स्वीकृतिको लागि सो योजना जिल्ला सभामा पेश गर्नु पर्नेछ र जिल्ला सभाको बैठकबाट स्वीकृत भएपछि उक्त योजना स्वीकृत भएको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. कार्यकारी अधिकृत भई काम गर्ने : जिल्ला विकास योजनाको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन गर्ने कामको सम्बन्धमा स्थानीय विकास अधिकारीले जिल्ला पञ्चायतको कार्यकारी अधिकृतको रूपमा काम गर्नु पर्नेछ ।

१३. नगर विकास योजनाको तर्जुमा : (१) प्रत्येक नगर पञ्चायतले आफ्नो नगर विकासको लागि आवधिक योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम तयार गरिएको आवधिक योजनाको आधारमा प्रत्येक वर्ष नगर पञ्चायतले तोकिएको समयभित्र आगामी आर्थिक वर्षको नगर विकास योजना तर्जुमा गर्नु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिम नगर विकास योजना तर्जुमा गर्दा नगर पञ्चायतको आफ्नै श्रम, स्रोत तथा साधन र श्री ५ को सरकारबाट प्राप्त हुने अनुदान रकम समेतको आधारमा विचार गरी प्रत्येक वडाबाट माग भएका आयोजनाहरूलाई मूल आधार मानी नगर विकास योजना तर्जुमा गर्नु पर्नेछ । त्यसरी योजना तर्जुमा गर्दा दफा ९ मा उल्लेखित प्राथमिकतालाई ध्यानमा राखी गर्नु पर्नेछ ।

(४) यस दफाबमोजिम नगर पञ्चायतले यथासम्भव सम्बन्धित विषयका विशेषज्ञहरू समेतलाई समावेश गरी नगर विकास योजना तर्जुमा गर्न आवश्यक समितिहरू गठन गर्न सक्नेछ ।

१४. गाउँ विकास योजनाको तर्जुमा : (१) प्रत्येक गाउँ पञ्चायतले आफ्नो गाउँको विकासको लागि आवधिक योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम तयार गरिएको आवधिक योजनाको आधारमा प्रत्येक वर्ष गाउँ पञ्चायतले तोकिएको समयभित्र आगामी आर्थिक वर्षको लागि गाउँ विकास योजना तर्जुमा गर्नु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिम गाउँ विकास योजना तर्जुमा गर्दा गाउँ पञ्चायतले जिल्ला पञ्चायतबाट प्राप्त भएको मार्गदर्शन तथा निर्देशनको परिधिभित्र रही आफ्नो श्रम, स्रोत र साधन, जिल्ला पञ्चायत र श्री ५ को सरकारबाट प्राप्त हुने आर्थिक, भौतिक तथा प्राविधिक सहयोग समेतको विचार गरी प्रत्येक वडाबाट माग भएको आयोजनाहरूलाई मूल आधार मानी दफा ९ मा उल्लेखित प्राथमिकतालाई ध्यानमा राखी गाउँ विकास योजना तर्जुमा गर्नु पर्नेछ ।

१५. जाँचपास समिति : स्थानीय पञ्चायतका विकास योजनाको निर्माणसम्बन्धी आयोजनाको जाँचपास गर्न तोकिएबमोजिम जाँचपास समिति गठन हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "जाँचपास" भन्नाले कार्यमूलक जाँचपास (पर्फर्मेन्स अडिट) समेतलाई जनाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. जिल्ला सुपरीवेक्षण समिति : (१) प्रत्येक जिल्लामा राष्ट्रिय पञ्चायतका सदस्यहरू, जिल्ला पञ्चायतका सभापति र उप-सभापति, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी र सार्वजनिक निर्माण शाखाको ईन्जिनीयर वा निज नभए निजको काम गर्ने व्यक्तिसमेत भएको एक जिल्ला सुपरीवेक्षण समिति गठन हुनेछ । स्थानीय विकास अधिकारीले जिल्ला सुपरीवेक्षण समितिको सचिवसमेत भई काम गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठित सुपरीवेक्षण समितिको बैठकको अध्यक्षता सम्बन्धित जिल्लाको राष्ट्रिय पञ्चायतको सदस्यले गर्नेछ । एकभन्दा बढी राष्ट्रिय पञ्चायतको सदस्य भएको जिल्लामा वर्णानुक्रमले एक एक वर्षको पालो गरी अध्यक्षता गर्नेछ । अध्यक्षता नगर्ने राष्ट्रिय पञ्चायतका सदस्यहरू समितिको सदस्यको रूपमा रहनेछन् । त्यस्तो बैठकको अध्यक्षता गर्नु पर्ने राष्ट्रिय पञ्चायतको सदस्य अनुपस्थित भएमा अर्को राष्ट्रिय पञ्चायतको सदस्यले वर्णानुक्रम अनुसार जिल्ला सुपरीवेक्षण समितिको बैठकको अध्यक्षता गर्नेछ ।

तर राष्ट्रिय पञ्चायतको अधिवेशन परी वा अरू कुनै कारण परी राष्ट्रिय पञ्चायतका सदस्य उपस्थित हुन नसकेको अवस्थामा सम्बन्धित जिल्ला पञ्चायतको सभापतिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) जिल्लाको विकास योजनाको कार्यान्वयन गर्दा योजनाको सुपरीवेक्षण, मितव्ययिता र आर्थिक अनुशासन कायम राख्न र जिल्ला विकास योजनाको कार्यान्वयनमा त्रुटि देखिएमा आवश्यक कारवाही गर्नको लागि समेत जिल्ला सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१७. सेवा केन्द्र : (१) जिल्ला पञ्चायतको प्रत्येक ईलाकामा पर्ने गाउँ पञ्चायतहरूलाई विकाससम्बन्धी काममा भौतिक तथा प्राविधिक सहयोग पुऱ्याउन सामान्यतया ईलाकाको माझमा पर्ने गरी श्री ५ को सरकारले आवश्यकतानुसार एक एक सेवा केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम स्थापित सेवा केन्द्र स्थानीय विकास सम्बन्धमा गाउँ पञ्चायतलाई टेवा पुऱ्याउने श्री ५ को सरकारको सबभन्दा तल्लो निकाय हुनेछ ।

(३) सेवा केन्द्रको काम, कर्तव्य देहायबमोजिम हुनेछः—

(क) गाउँ पञ्चायतको विकासको लागि योजनाको तर्जुमा, कार्यान्वयन र समीक्षा गर्ने कार्यमा आवश्यक सेवा पुऱ्याउने,

(ख) गाउँ पञ्चायत क्षेत्रमा उपभोक्ता समितिहरूको स्थापना र सुसञ्चालन गराउनमा सहत पुऱ्याउने,

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) गाउँ पञ्चायतलाई आपनो विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने,

(घ) गाउँ पञ्चायतलाई आवश्यक वित्तीय तथा भौतिक सामग्री उपलब्ध गराउन मद्दत पुर्‍याउने,

(ङ) गाउँ पञ्चायतको विकाससम्बन्धी प्रयासहरूको आवधिक समीक्षा गर्ने,

(च) गाउँ पञ्चायतको समस्या तथा आवश्यकताहरूलाई माथिल्लो स्तरमा पुर्‍याउने र योजनामा समावेश गर्न लगाउने, र

(छ) ईलाकाभित्र गाउँ पञ्चायतहरूमा विकास कार्यमा प्रतिस्पर्धा जगाउने र एक अर्काको अनुभव तथा समस्याहरू र समाधानका उपायहरू ईलाकास्तरमा पञ्चायतहरूको सभा, सम्मेलन, बैठक, गोष्ठी र निरीक्षण भ्रमण गराई विचारको आदान-प्रदान गराउने ।

(४) सेवा केन्द्रको अन्य काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

१८. समीक्षालय राख्नु पर्ने : (१) प्रत्येक स्थानीय पञ्चायतले समीक्षालयको व्यवस्था गर्नु पर्नेछ । समीक्षालयमा सम्बन्धित पञ्चायतको विकास योजनासम्बन्धी वार्षिक कार्यक्रम तालिका र प्रगति प्रतिवेदन आदिबारेको विस्तृत विवरण तयार गरी अद्यावधिक रूपमा प्रदर्शन गर्नु पर्नेछ ।

(२) प्रत्येक ६।६ महीनामा सम्बन्धित पञ्चायतको समीक्षालयमा सम्बन्धित पञ्चायतका पदाधिकारी, सदस्यहरू र कर्मचारीहरूसमेत बसी आ-आफ्नो क्षेत्रमा भए गरेका विकास कार्यहरूको समीक्षा गर्नु पर्नेछ ।

१९. उपभोक्ता समितिको गठन, काम, कर्तव्य तथा अधिकार : (१) स्थानीय पञ्चायतले सञ्चालन गर्ने योजना जुन स्थानमा सञ्चालन हुने हो सो स्थानमा उक्त योजनाबाट लाभान्वित हुने व्यक्तिहरूको सभा गराई राय लिई सोहीमध्येबाट सम्बन्धित पञ्चायतले तोकेबमोजिम बढीमा पाँच जनासम्मको उपभोक्ता समिति गठन हुनेछ ।

(२) उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–४
## आर्थिक व्यवस्था

२०. पञ्चायत विकास तथा जग्गाकर उठाउने : (१) प्रत्येक गाउँ वा नगर पञ्चायतले देहायको शर्त बन्देजमा रही आफ्नो गाउँ वा नगर पञ्चायत क्षेत्रमा पञ्चायत विकास तथा जग्गाकर उठाउन जिल्ला पञ्चायतमा लेखी पठाउनु पर्नेछ:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उक्त करबाट प्राप्त आम्दानी केमा खर्च गर्ने सोको योजना तथा कार्यक्रम तयार गरिसकेको हुनु पर्ने ।

(ख) योजना पूरा गर्न कति खर्च लाग्ने हो सोको मोटामोटी इष्टिमेटसमेत गरिसकेको हुनुपर्ने ।

(ग) योजनामा लाग्ने सम्पूर्ण खर्च कहाँबाट जुटाइने हो र सोमध्ये कति रकम पञ्चायत विकास तथा जग्गाकरबाट पूरा गरिने अनुमान गरिएको छ सो प्रष्ट हुनुपर्ने ।

(घ) उक्त करबाट प्राप्त रकम उठेपछि त्यसको हिसाब किताब दुरूस्तसंग राख्न कस्तो व्यवस्था गरिएको छ सो खोल्नु पर्ने ।

(ङ) सम्बन्धित गाउँ वा नगर सभाले उक्त कर उठाउन सम्पूर्ण सदस्य संख्याको दुइ तिहाईको बहुमतले स्वीकृति दिएको ।

(२) उप-दफा (१) बमोजिम लेखिआएमा जिल्ला पञ्चायतले पनि छानबीन गरी सम्बन्धित पञ्चायतले उक्त शर्त बन्देज पूरा गरेको देखिएमा सो कर उक्त गाउँ वा नगर पञ्चायत क्षेत्रमा लागू गर्न श्री ५ को सरकारमा लेखी पठाउनु पर्नेछ ।

(३) पञ्चायत विकास तथा जग्गाकर उठाउँदा सम्बन्धित गाउँ वा नगर पञ्चायतले आपनो क्षेत्रभित्र भएका जग्गा जमीनहरूको लगत र कुन जग्गाबाट कति उत्पादन हुन्छ त्यसको राम्रो आंकडासहितको लगत तयार गरी राख्नु पर्नेछ र त्यसको एक प्रति जिल्ला पञ्चायतमा पठाउनु पर्नेछ ।

(४) यस दफाबमोजिम उठाएको पञ्चायत विकास तथा जग्गाकर रकमको सर्व संचित कोषमा पाँच प्रतिशत, जिल्ला पञ्चायत कोषमा दश प्रतिशत, सम्बन्धित गाउँ वा नगर पञ्चायत कोषमा पचासी प्रतिशत दाखिला गर्नु पर्नेछ ।

२१. <u>चन्दा उठाउने अधिकार</u> : (१) स्थानीय पञ्चायतले उप-दफा (२) को अधीनमा रही चन्दा उठाउन सक्नेछ । तर त्यस्तो चन्दा करको रूपमा उठाउन पाइनेछैन ।

(२) चन्दा उठाउनुभन्दा अगावै चन्दाको रकम के काममा खर्च गर्ने त्यसको विस्तृत योजना तथा कार्यक्रम बनाई गाउँ वा नगर पञ्चायतबाट चन्दा उठाउने भएमा सम्बन्धित गाउँ वा नगर सभाको सम्पूर्ण सदस्य संख्याको दुइ तिहाई बहुमतले पारित गराई जिल्ला पञ्चायतको स्वीकृति लिनु पर्नेछ र जिल्ला पञ्चायतले उठाउने चन्दाको हकमा जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको दुइ तिहाईको बहुमतले स्वीकृत हुनु पर्नेछ । यसरी उठेको चन्दाको रकम सोही बमोजिमको योजना तथा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ र आम्दानी खर्चको विवरण सर्व साधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर गाउँ वा नगर पञ्चायतले पाँच हजार रूपैयाँसम्मको चन्दा उठाउन परेमा गाउँ वा नगर पञ्चायतले नै र जिल्ला पञ्चायतले दश हजार रूपैयाँसम्मको चन्दा उठाउन परेमा जिल्ला पञ्चायतले नै निर्णय गरी उठाउन सक्नेछ ।

२२. सरकारी बाँकी सरह असूल उपर गर्ने : स्थानीय पञ्चायतले ठेकेको वा लगाएको कर, दस्तूर, फी इत्यादि कुनै व्यक्तिले नबुझाएमा सरकारी बाँकी सरह जिल्ला कार्यालयले असूल उपर गरी दिनु पर्नेछ ।

२३. स्थानीय पञ्चायतले अनुदान रकमको बाँडफाँट गर्ने : श्री ५ को सरकारले स्थानीय पञ्चायतलाई दिने अनुदानको रकम कुन कुन काममा लगाउने भन्ने बाँडफाँट स्थानीय पञ्चायतले नै गर्नेछ ।

२४. तोकिएको क्षेत्रमा खर्च गर्नु पर्ने : श्री ५ को सरकारले जिल्लास्तरमा गरिने कामको लागि पठाएको रकम जुन क्षेत्रमा (सेक्टर) जुन कामको लागि पठाएको हो सोही क्षेत्रको लागि बाहेक अन्यत्र खर्च गर्न वा त्यस्तो क्षेत्रमा तोकी पठाएको भन्दा घटी गरी खर्च गर्न पाइनेछैन ।

२५. प्रशासनिक खर्चको हद : स्थानीय पञ्चायतले कर, दस्तूर, फी, महसूल, ठेक्का पट्टा आदिबाट उठाएको वा चन्दादाताले दिएको चन्दा वा श्री ५ को सरकारले विकास कार्यको लागि दिएको रकमबाट तोकिएको प्रतिशतभन्दा बढ्ने गरी प्रशासनिक कार्यमा खर्च गर्न पाइनेछैन ।

## परिच्छेद–५
## लेखापरीक्षणसम्बन्धी व्यवस्था

२६. स्थानीय पञ्चायतको लेखापरीक्षण : (१) प्रत्येक वर्ष स्थानीय पञ्चायतको आय-व्ययको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गरिनेछ ।

(२) स्थानीय पञ्चायतको आन्तरिक लेखापरीक्षण श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकेको व्यक्तिले गर्नेछ ।

(३) जिल्ला पञ्चायत तथा नगर पञ्चायतको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ र गाउँ पञ्चायतको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकले तोकेको व्यक्तिले गर्नेछ ।

२७. लेखापरीक्षणको प्रतिवेदन : (१) स्थानीय पञ्चायतको अन्तिम लेखापरीक्षण भएपछि लेखापरीक्षण गर्ने व्यक्तिले तीन महीनाभित्र लेखापरीक्षणको प्रतिवेदनको एक प्रति महालेखा परीक्षकको विभागमा, एक प्रति सम्बन्धित पञ्चायतमा, एक प्रति सम्बन्धित जिल्ला सुपरीवेक्षण समितिमा र एक प्रति जिल्ला पञ्चायत वा नगर पञ्चायतको भए सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम लेखापरीक्षणको प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित पञ्चायतले बढीमा तीन महीनाभित्र सम्बन्धित सभा बोलाई सो प्रतिवेदन पेश गरी छलफल गराउनु पर्नेछ ।

(३) लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित सभामा पेश भएपछि सो सभाले उक्त प्रतिवेदनमा उल्लेख भएका बेरुजूहरूमध्ये प्रचलित कानूनबमोजिम नियमित गर्न मिल्नेसम्म नियमित गर्नु पर्नेछ । नियमित गर्न नमिल्ने बेरुजूको हकमा त्यसको फछ्र्यौटको लागि आवश्यक कारवाई गर्न सम्बन्धित पञ्चायतको सचिवले सम्बन्धित व्यक्तिबाट फछ्र्यौट गराउन लगाउनेछ ।

(४) उप-दफा (३) बमोजिम फछ्र्यौट गर्न नसकेको बेरुजू असूल उपर गर्नको लागि जिल्ला पञ्चायत वा नगर पञ्चायतसम्बन्धी भए अञ्चलाधीशकहाँ र गाउँ पञ्चायतसम्बन्धी भए प्रमुख जिल्ला अधिकारीकहाँ पठाउनु पर्नेछ ।

(५) उप-दफा (४) बमोजिम बेरुजू फछ्र्यौटको लागि लेखी आएपछि सम्बन्धित अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले देहायबमोजिम गर्नु पर्नेछः—

(क) भ्रष्टाचार भएकोमा भ्रष्टाचारसम्बन्धी कानून अन्तर्गत कारवाही चलाउने,

(ख) कसैसंग बाँकी बक्यौता असूल गर्नुपरेमा सरकारी बाँकी सरहको कारवाही गरी असूल गर्ने ।

## परिच्छेद—६

## विविध

२८. श्री ५ को सरकारको अधिकार : कुनै स्थानीय पञ्चायतले लगाएको वा उठाएको कर, दस्तूर, फी, महसूल, ठेक्का पट्टा आदि सार्वजनिक हितको लागि घटाउन, हटाउन वा तोड्न आवश्यक देखिएमा श्री ५ को सरकारले स्थानीय पञ्चायतसित स्पष्टीकरण लिई मुनासिब देखेमा कारणसमेत खोली उक्त कर, दस्तूर, फी, महसूल, ठेक्का पट्टा आदि घटाउन, हटाउन वा तोड्न आदेश वा निर्देशन दिन सक्नेछ र यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित पञ्चायतको कर्तव्य हुनेछ ।

२९. अधिकार सुम्पन सक्ने : (१) यस ऐनबमोजिम श्री ५ को सरकारलाई भएको सबै वा कुनै अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पदाधिकारी, संस्था, समिति वा कर्मचारीलाई सुम्पन सक्नेछ ।

(२) यस ऐन अन्तर्गत जिल्ला पञ्चायतलाई भएको अधिकार जिल्ला पञ्चायतले शर्त बन्देज तोकी वा नतोकी गाउँ पञ्चायत वा नगर पञ्चायतलाई सुम्पन सक्नेछ। यसरी सुम्पेको अधिकार जुनसुकै बखत जिल्ला पञ्चायतले झिक्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जिल्ला पञ्चायत, नगर पञ्चायत वा गाउँ पञ्चायतले आफूमा भएको अधिकार सम्बन्धित पञ्चायतको सदस्य, सदस्यहरूको समिति वा उप-समिति वा कुनै कर्मचारीलाई सुम्पन सक्नेछ । यसरी सुम्पिएको अधिकार जुनसुकै बखत सम्बन्धित पञ्चायतले झिक्न सक्नेछ ।

(४) जिल्ला पञ्चायतको सभापति वा गाउँ वा नगर पञ्चायतका प्रधानपञ्चले आफूमा भएको अधिकार सम्बन्धित पञ्चायतको सदस्य वा सचिवलाई सुम्पन सक्नेछ । यसरी सुम्पेको अधिकार जुनसुकै बखत जिल्ला पञ्चायत सभापति वा गाउँ वा नगर पञ्चायतका प्रधानपञ्चले झिक्न सक्नेछ ।

३०. अन्य प्रचलित कानूनको अधिकार प्रदान गर्न सकिने : अन्य प्रचलित कानूनबमोजिम श्री ५ को सरकारलाई प्राप्त भएको कुनै अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै स्थानीय पञ्चायत वा स्थानीय पञ्चायतका पदाधिकारीलाई सुम्पन सक्नेछ ।

३१. स्थानीय पञ्चायतलाई न्यायिक अधिकार सुम्पन सकिने : (१) सरकारी मुद्दा-सम्बन्धी ऐन, २०१७ बमोजिम कारवाही गरिने मुद्दाबाहेक स्थानीय प्रकृतिका सानातिना मुद्दाहरू गाउँ वा नगर पञ्चायतले कार्यवाही र किनारा गर्ने गरी श्री ५ को सरकारले तोकिएबमोजिम अधिकार सुम्पन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गाउँ पञ्चायत वा नगर पञ्चायतले कारवाही र किनारा गरेको मुद्दामा सो पञ्चायतको निर्णयउपर तोकिएको अधिकारीमा पुनरावेदन लाग्नेछ ।

(३) यस दफाबमोजिम मुद्दा हेर्ने अधिकारी तथा पुनरावेदन सुन्ने अधिकारीले अपनाउने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

३२. कर्मचारीहरू जिल्ला पञ्चायतको प्रशासकीय नियन्त्रणमा रहने : स्थानीय बिकास अधिकारी तथा अनुसूची–१ मा उल्लेखित कार्यालयहरूका प्रमुखहरू जिल्ला पञ्चायतको सामान्य प्रशासकीय नियन्त्रणमा रही काम गर्नेछन् र त्यस्तो प्रशासकीय नियन्त्रणको व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३३. सरकारी वकीलले राय दिने : जिल्ला पञ्चायतले आफ्नो काम कारवाही गर्दा कुनै कानूनी अडचन परी राय मागिएको बखत सरकारी वकीलले राय दिनु पर्नेछ ।

३४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

३५. बाधा अड्काउ फुकाउने अधिकार : यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

३६. यस ऐनबमोजिम हुने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको जति कुरामा सोहीबमोजिम हुनेछ र अरुमा प्रचलित कानूनबमोजिम हुनेछ ।

४५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(दफा ५ संग सम्बन्धित)

विकाससम्बन्धी जिल्लास्तरीय कार्यालयहरू

१. शिक्षा तथा सांस्कृतिक सम्बन्धी कार्यालयहरू ।
२. स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यालयहरू ।
३. कृषि तथा सिंचाइसम्बन्धी कार्यालयहरू ।
४. निर्माण तथा यातायातसम्बन्धी कार्यालयहरू ।
५. खानेपानी तथा जल-विद्युत्सम्बन्धी कार्यालयहरू ।
६. वन तथा भू-संरक्षण तथा वातावरणसम्बन्धी कार्यालयहरू ।
७. उद्योग, वाणिज्य तथा पर्यटनसम्बन्धी कार्यालयहरू ।
८. ईन्धनसम्बन्धी कार्यालयहरू ।
९. स्थानीय विकास तथा सामाजिक कल्याणसम्बन्धी कार्यालयहरू ।
१०. साझा तथा सहकारीसम्बन्धी कार्यालयहरू ।
११. विकाससंग सम्बन्धित अन्य कार्यालयहरू ।

४२४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

(दफा १० संग सम्बन्धित)

### योजना तर्जुमा समिति

(क) कृषि तथा सिंचाइ समिति:

(१) जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट जिल्ला पञ्चायतले तोकेको दुइ जना – सदस्य
(२) नेपाल किसान सङ्गठनको जिल्ला कार्य समितिको सभापति – सदस्य
(३) नेपाल महिला सङ्गठनको जिल्ला कार्य समितिको सभापति – सदस्य
(४) नेपाल प्रौढ सङ्गठनको जिल्ला कार्य समितिको सभापति – सदस्य
(५) नेपाल भूतपूर्व सैनिक सङ्गठनको जिल्ला कार्य समितिको सभापति – सदस्य
(६) कृषि विकास बैंकको जिल्ला प्रमुख – सदस्य
(७) भूमिसुधार अधिकारी – सदस्य
(८) कृषि सामग्री संस्थानको जिल्ला प्रमुख – सदस्य
(९) पशु विकास अधिकृत – सदस्य
(१०) जिल्ला सिंचाइ अधिकृत – सदस्य
(११) जिल्ला सहकारी अधिकृत – सदस्य
(१२) कृषि विकास अधिकारी – सदस्य-सचिव

(ख) निर्माण तथा सम्भार समिति:

(१) जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट जिल्ला पञ्चायतले तोकेको दुइ जना सदस्यहरू – सदस्य
(२) नेपाल युवक सङ्गठनको जिल्ला कार्य समितिको सभापति – सदस्य
(३) नेपाल प्रौढ सङ्गठनको जिल्ला कार्य समितिको सभापति – सदस्य
(४) नेपाल भूतपूर्व सैनिक संगठनको जिल्ला कार्य समितिको सभापति – सदस्य
(५) जिल्ला सार्वजनिक निर्माण शाखाको अधिकृत – सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) उद्योग, वन तथा भू-संरक्षण समिति :

(१) जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट जिल्ला पञ्चायतले तोकेको दुइ जना सदस्यहरू — सदस्य
(२) नेपाल भूतपूर्व सैनिक सङ्गठनको जिल्ला कार्य समितिको सभापति — सदस्य
(३) नेपाल मजदूर सङ्गठनको जिल्ला कार्य समितिको सभापति — सदस्य
(४) उद्योग वाणिज्य संघका जिल्ला सभापति — सदस्य
(५) जिल्ला उद्योग अधिकृत — सदस्य
(६) जिल्ला पञ्चायतले तोकेको जिल्ला वन अधिकृत वा जिल्ला घरेलु अधिकृत — सदस्य-सचिव

(घ) स्वास्थ्य तथा जनसंख्या समिति :

(१) जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट जिल्ला पञ्चायतले तोकेको दुइ जना सदस्यहरू — सदस्य
(२) नेपाल महिला सङ्गठनको जिल्ला कार्य समितिको सभापति — सदस्य
(३) नेपाल युवक सङ्गठनको जिल्ला कार्य समितिको सभापति — सदस्य
(४) नेपाल भूतपूर्व सैनिक सङ्गठनको जिल्ला कार्य समितिको सभापति — सदस्य
(५) नेपाल रेडक्रस सोसाईटीको जिल्ला सभापति — सदस्य
(६) बाल सङ्गठनको जिल्ला सभापति — सदस्य
(७) जिल्ला परिवार नियोजन कार्यालयको अधिकृत — सदस्य
(८) जिल्ला स्वास्थ्य अधिकारी — सदस्य-सचिव

(ङ) शिक्षा समिति :

(१) जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट जिल्ला पञ्चायतले तोकेको दुइ जना सदस्यहरू — सदस्य
(२) नेपाल प्रौढ सङ्गठनको जिल्ला कार्य समितिका सभापति — सदस्य
(३) अभिभावक एवं शिक्षाप्रेमी र सामाजिक कार्यकर्तामध्येबाट जिल्ला पञ्चायतले तोकेको एक जना व्यक्ति — सदस्य
(४) जिल्लाभित्रका महा-विद्यालयका प्राचार्यहरूमध्येबाट जिल्ला पञ्चायतले तोकेको एक जना प्राचार्य — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) जिल्लाभित्रका माध्यमिक विद्यालयहरूका प्रधान अध्यापकहरूमध्येबाट जिल्ला पञ्चायतले तोकेको एक जना प्रधान अध्यापक — सदस्य

(६) जिल्लाभित्रका माध्यमिक विद्यालयका विद्यार्थीवर्गबाट जिल्ला पञ्चायतले तोकेको एक जना विद्यार्थी — सदस्य

(७) जिल्ला शिक्षा अधिकारी — सदस्य-सचिव

द्रष्टव्य : (१) सम्बन्धित जिल्लाका राष्ट्रिय पञ्चायतका सदस्यहरू, जिल्ला पञ्चायतका सभापति र उप-सभापति, प्रमुख जिल्ला अधिकारी तथा स्थानीय विकास अधिकारी उपरोक्त प्रत्येक समितिमा सदस्य रहनेछन् ।

(२) प्रत्येक समितिमा जिल्ला पञ्चायतका सदस्यहरूले आफूमध्येबाट वर्णानुक्रम अनुसार एक एक वर्षको आलो पालो गरी समितिको अध्यक्षता गर्नेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।८।६।१

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

४५६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।